# पर्सागढी नगरपालिका

## स्थानीय राजपत्र

| खण्डः८ | सख्याः३ | मितिः २०८२/१२/२७ |
|---|---|---|

भाग-२

# पर्सागढी नगरपालिका

**पर्सागढी नगरपालिकाको लक्षित समुह तथा विपन्न बर्गलाई सामग्रीहरु वितरण कार्यविधि, २०८२**

प्रमाणीकरण र प्रकाशन मितिः २०८२/१२/२७

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम पर्सागढी नगरपालिका, पर्साको मिति २०८२/०८/१६ गतेको बैठकबाट पारित भएको पर्सागढी नगरपालिकाको "लक्षित समुह तथा विपन्न बर्गलाई सामग्रीहरु वितरण कार्यविधि २०८२" सर्वसाधारणको जानकारीका लागी स्थानीय सरकार संचालन ऐन २०७४, को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ।

**लक्षित समुह तथा विपन्न बर्गलाई सामग्रीहरु वितरण कार्यविधि, २०८२**

पर्सागढी नगरपालिका, पर्सामा लक्षित समुह तथा विपन्न वर्गको जीवन स्तरमा सुधार ल्याउन, समाजिक तथा आर्थिक वृद्धिमा टेवा पुर्याउन, कृषी उत्पादन, तथा उत्पादकत्वमा समय सापेक्ष सुधार गर्न, कृषीमा नविनतम प्रविधीको प्रयोग अभिवृद्धि गरी उपलब्ध स्रोत साधनको परिचालन एवम प्रयोगमा पारदर्शिता, मितव्ययिता र प्रभावकारीता ल्याई आर्थिक सुशासन कायम गर्न, उत्पादन मुलक तथा प्रतिफल मुलक क्षेत्रमा लागानी अभिवृद्धि गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद १
### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

क) यो कार्यविधिको नाम "लक्षित समुह तथा बिपन्न बर्गलाई सामग्रीहरु वितरण कार्यविधि, २०८२" रहनेछ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु भएको मानिनेछ।

**२. परिभाषा र व्याख्या :-** विषय वा प्रश्नांशले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) ‘‘विपन्न वर्ग’’ भन्नाले आर्थिक रुपले कमजोर वा बार्षिक ७३ हजार भन्दा कम आम्दानी गर्ने वर्गलाई सम्झनु पर्नेछ ।

ख) ‘‘लक्षित वर्ग’’ भन्नाले कुनै खास पेशा, सीपसंग आबद्ध जनसङ्ख्या, समाजिक तथा आर्थिक रुपले पछाडी परेका जातजाती समुदाय, एकल महिला, बालबालिका तथा फरक क्षमता/अपाङ्गता भएका वर्गलाई सम्झनु पर्नेछ ।

ग) ‘‘अनुदान’’ भन्नाले कार्यालयले कुनै सेवा सामाग्रीमा उपलव्ध गराउने मौद्रिक सहायता सम्झनु पर्नेछ ।

घ) ‘‘राजश्व’’ राजश्व भन्नाले निवेदकले कुनै सेवा लिए वापत तिरेको रकम वा लागत सहभागिता सम्झनु पर्नेछ ।

ङ) ‘‘निवेदन’’ भन्नाले कुनै बस्तु वा सेवा प्राप्त गर्न निवेदकले लिखित रुपमा भेग गरेको पत्र वा कागजात सम्झनु पर्नेछ ।

च) ‘‘भरपाई’’ भन्नाले निवेदकले सेवा वा बस्तु प्राप्त गर्दा सहि छाप गरि प्रमाणित गरि दिईएको कागजात सम्झनु पर्नेछ ।

छ) ‘‘प्रमुख’’ भन्नाले नगरपालिका प्रमुख सम्झनु पर्नेछ ।

ज) ‘‘नगर कार्यपालिका’’ भन्नाले भन्नाले नगरकार्यपालिका सम्झनु पर्नेछ ।

## परिच्छेद -२

**३. कार्यविधिको उद्देश्य :-** अनुदानमा कृषि, सरसफाई तथा अन्य क्षेत्रसंग सम्बन्धित सामग्रीहरु वितरण गरिने कार्यक्रम संचालन, प्रक्रियालाई पारदर्शी, सहज र सरल वनाउने ।

**४. कार्यक्रम संचालनको उद्देश्य:-** अनुदानमा कृषि, सरसफाई तथा अन्य क्षेत्रसंग सम्बन्धित सामग्रीहरु वितरण सम्बन्धी कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) कृषिलाई आधुनिकिकरण, व्यवसायिकरण गरी खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगार सृजना गर्ने र कृषि क्षेत्रमा आकर्षण बढाउने ।

(ख) खुल्ला दिशामुक्त अभियानलाई सार्थक बनाउँदै स्वच्छ तथा सफासुधर समाजको परिकल्पना सकार गर्ने ।

(ग) नगरवासीका माग र आवश्यक्तामा आधारित कार्यक्रमहरु प्रवर्द्धन गर्ने ।

**५. वितरण हुने सामग्रीहरुको क्षेत्रगत विवरण**ः–

| ***क्र.सं.*** | ***कृषि क्षेत्र*** | ***खानेपानी तथा सरसफाई क्षेत्र*** | ***अन्य क्षेत्र*** |
|---|---|---|---|
| १ | सिचाई संरचना (बोरिङ्ग) | चापाकल सेट वा हेड | खेलकुदका सामाग्रीहरु |
| २ | स्प्रे ट्याङ्की | रिङ्ग चर्पी | शैक्षिक सामाग्रीहरु |
| ३ | जैविक मल | डस्ट बिन (रातो, हरियो वा अन्य) | खाद्य सामाग्रीहरु |
| ४ | कृषि, चुन, जिंक तथा विषादी | पानी शुद्धिकरण औषधी | स्वास्थ्य सामाग्रीहरु |
| ५ | बिउ तथा बिरुवाहरु | हाईजिन किट | लत्ताकपडाहरु |
| ६ | भुरा,बच्चा , दाना | स्वच्छता किटहरू (साबुन, स्यानिटाइजर, मास्क, सेनिटरी प्याडहरू।) | घरेलु सामग्रीहरू |

**६(क). कृषि क्षेत्रमा सम्बन्धित सामग्री वितरणको उद्देश्य तथा प्रक्रिया -** यस नगरपालिकाको अधिकतम जनसंख्या कृषि पेशामा आबद्ध रहेको हुँदा पर्सागढी नगरपालिकाको गठन भए पश्चात यस नगरपालिकाले आफ्नो नागरिकको आर्थिक तथा समाजिक बिकासको लागी बिभिन्न प्रयास गर्दै आए तापनी कृषि क्षेत्रमा अपेक्षित उपलब्धि

हासिल गर्न नसकेकोले कृषि पेशामा बिभिन्न अनुदानात्मक कार्यक्रम राखी आकर्षण बढाउन तथा उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न नगरपालिका भित्रका कृषकहरु निम्नानुसार सामग्री वितरण कार्यक्रम अगाडी वढाउन सकिनेछ।
वितरण प्रक्रियाः –

| ***क्र.सं.*** | ***कृषि सामाग्रीको प्रकार*** | ***आवश्यक कागजात*** | ***लागत सहभागिता रकम रु. (प्रतिशतमा)*** | ***कैफियत*** |
|---|---|---|---|---|
| १ | सिचाई संरचना (बोरिङ्ग) | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी, सिचाई संरचना जडान हुने जग्गाको लालपूर्जा प्रतिलिपी, लागत शुल्क तिरेको रसिद | कुल लागतको १५% | सामग्री बुझेको भरपाई गर्नु पर्नेछ। |
| २ | स्प्रे ट्याङ्की | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी, लागत शुल्क तिरेको रसिद | कुल लागतको १५% | सामग्री बुझेको भरपाई गर्नु पर्नेछ। |
| ३ | जैविक मल | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी, लागत शुल्क तिरेको रसिद | कुल लागतको २५% | सामग्री बुझेको भरपाई गर्नु पर्नेछ। |
| ४ | जिंक तथा विषादी | लाभग्राहीको निवेदन र ना.प्र.प. प्रतिलिपी | कुल लागतको १५% | सामग्री बुझेको भरपाई गर्नु पर्नेछ। |
| ५ | गहु, धान, मकैको बिउ तथा बिरुवाहरु | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी, लागत शुल्क तिरेको रसिद | कुल लागतको ५०% | सामग्री भरपाई पर्नेछ। बुझेको गर्नु |
| ६ | तरकारीको विउँ | लाभग्राहीको ना.प्र.प. प्रतिलिपी, | निःशुल्क | सामग्री भरपाई पर्नेछ। बुझेको गर्नु |
| ७ | कृषि चुन | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी, लागत शुल्क तिरेको रसिद | कुल लागतको १५% | सामग्री भरपाई पर्नेछ। बुझेको गर्नु |
| ८ | भुरा, बच्चा, दाना | फर्म दर्ताको प्रमाणपत्र र निवेदन | कुल लागतको ५०% | सामग्री भरपाई पर्नेछ। बुझेको गर्नु |

ख) दफा ६ (क) मा जुनसुकै कुरा लेखिएको भएतापनी जग्गा भाडा(हुन्डा वा वटैया) लिई कृषि पेशामा आवद्ध भुमिहिन कृषकलाई वडा कार्यालयको सिफारिसमा नगर कार्यपालिकाको निर्णयानुसार माथि उल्लेख भएको लागत सहभागिता शुल्कमा ५० प्रतिशत छुट गरिनेछ।

ग) दफा ६ को उपदफा (क) मा सिचाई संरचना (डिप बोरिङ्ग) सम्बन्धमा जे सुकै लेखिएको भएता पनी संघ र प्रदेश सरकारबाट हस्तान्तरण शसर्त तर्फका वजेटमा सो व्यवस्था संघ/प्रदेशको कार्यविधि बमोजिम लागु हुने छ।

**७. खानेपानी तथा सरसफाई क्षेत्रमा सम्बन्धित सामग्री वितरण प्रक्रियाः-** (क) यस नगरपालिका भित्र खानेपानीमा सहज पहुच पुयाउन यस कार्यालयले चापाकल खरिद वितरण तथा जडान कार्यक्रम तथा सरसफाई क्षेत्रमा देखिएको खुला दिशा सम्बन्धी समस्या समाधना गर्न निम्नानुसार प्रक्रियाबाट चापाकल तथा रिङ्ग चर्पि खरिद गरी वितरण गरिनेछ।

| क्र.सं. | खानेपानी तथा सरसफाई सामाग्रीको प्रकार | आवश्यक कागजात | लागत सहभागिता रकम रु. (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|---|
| १ | चापाकल धारा (पूर्ण सेट) | व्यक्ति वा परिवारको हकमा लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी, लागत शुल्क तिरेको रसिद र लाभग्राहीको घरमा धारा नभएको ब्यहोराको वडाको सिफारिस | पूर्ण सेटको हकमा कुल लागतको १० प्रतिशत तथा हेड मात्रको हकमा पनि कूल लागतको १० प्रतिशत । तर सार्वजनिक स्थल जस्तै मठ, मन्दिर, विद्यालय,पाटीपौवा तथा अन्यामा निःशुल्क हुनेछ। | **सामग्री बुझेको भरपाई गर्नु पर्नेछ। **जडान खर्च लाभग्राही स्वयंले व्यहोर्नु पर्नेछ। **बाडिने चापाकल जडान हुने अवस्थाको एकिन गरी मात्र वडा अध्यक्ष वा जिन्सी शाखाबाट सामान हस्तान्तरण गर्नु पर्नेछ । |
| २ | चापाकल हेड वितरण | | | |
| ३ | रिङ्ग चर्पी | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी र लाभग्राहीको घरमा चर्पी नभएको ब्यहोराको वडाको सिफारिस | व्यक्तिको हकमा ५० प्रतिशत र समूहको हकमा निःशुल्क तर समूह बनाई मासिक सरसफाईको आर्थिक व्ययभार र जिम्मेवारी लिनु पर्नेछ। | सामग्री बुझेको भरपाई गर्नु पर्नेछ। |
| ३ | डस्ट बिन (रातो, हरियो वा अन्य) | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी (मठ, मन्दिर, समिति र विद्यालयको हकमा निवेदन मात्र) | निःशुल्क | |
| ४ | पानी शुद्धिकरण औषधी | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी (मठ, मन्दिर, समिति र विद्यालयको हकमा निवेदन मात्र) | | |
| ५ | हाईजिन किट | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी (मठ, मन्दिर, समिति र विद्यालयको हकमा निवेदन मात्र) | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | स्वच्छता किटहरू (साबुन, स्यानिटाइजर, मास्क, सेनिटरी प्याडहरू।) | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी (मठ,मन्दिर, समिति र विद्यालयको हकमा निवेदन मात्र) | | |

**(ख)** सार्वजनिक स्थलमा जडान गरिने चापाकलको हकमा लागत सहभागिता शुल्क लाग्ने छैन। तर यस्तो सार्वजनिक स्थलको एकिन वडा समिति वा वडा कार्यालयको निर्णयबाट प्रमाणित भई पेश गर्नु पर्नेछ।

**८. अन्य क्षेत्रमा सम्बन्धित सामग्री वितरण प्रक्रिया:-** (क) यस नगरपालिका भित्र अन्य क्षेत्रमा सहज पहुच पुयाउँन यस कार्यालयले विभिन्न कार्यक्रमहरु संचालन गरी सामाग्री वितरण गर्नको लागि विनियोजित बजेटको अधिनमा रहि खरिद गरी वितरण गरिनेछ।

| ***क्र.सं.*** | ***खानेपानी तथा सरसफाई सामाग्रीको प्रकार*** | ***आवश्यक कागजात*** | ***लागत सहभागिता रकम रु. (प्रतिशतमा)*** | ***कैफियत*** |
|---|---|---|---|---|
| १ | खेलकुदका सामाग्रीहरु | लाभग्राहीको निवेदन, ना.प्र.प. प्रतिलिपी र सम्बन्धित वडाको सिफारिस (मठ, मन्दिर, संघ/संस्था, समिति र विद्यालयको हकमा निवेदन मात्र) | निःशुल्क | सामग्री बुझेको भरपाई गर्नु पर्नेछ। |
| २ | शैक्षिक सामाग्रीहरु | | | |
| ३ | खाद्य सामाग्रीहरु | | | |
| ३ | स्वास्थ्य सामाग्रीहरु | | | |
| ४ | लत्ताकपडाहरु | | | |
| ५ | घरेलु सामग्रीहरू | | | |

**९. सूचना प्रकाशन गर्नुपर्ने:-** दफा ६ र ७ अनुसारको सामग्री वितरण पारदर्शी एवंम् नगरपालिका भित्रका सम्पुर्ण लाभग्राहीहरुलाई समान पहुंच पुयाउने उद्देश्यले कार्यालयले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सर्वसाधारणमा जानकारी गराउनु पर्नेछ।

**परिच्छेद -३**

**१०. अशुल उपर गर्नु पर्ने:-** परिच्छेद - २ मा उल्लेख भए अनुसार पुर्ण वा आंशिक अनुदानमा उपलव्ध गराईएको सामग्री झुठा विवरण पेश गरी प्राप्त गरेको प्रमाणित हुन आएमा लागतको शत प्रतिशत त्यस्ता लाभग्राहीवाट अशुल उपर गरिनेछ ।

**११. अनुगमन तथा निरिक्षण:-** कृषि क्षेत्रसँग सम्बन्धित वितरित सामग्रीको आवश्यकता अनुसार सम्बन्धित विषयगत शाखाबाट तथा खानेपानी तथा सरसफाई क्षेत्रसँग सम्बन्धित वितरित सामग्रीको अनुगमन आवश्यकता अनुसार सम्बन्धित विषयगत शाखाबाट गरिनेछ ।

**१२. गुनासो ब्यवस्थापन:-** (क) लाभग्राहीहरुले अनुदान प्राप्त गर्ने सामग्रीहरु सम्वन्धमा वा अनुदान प्रक्रियामा हुने त्रुटिहरुका सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछन् ।

(ख) उपदफा (क) अनुसार प्राप्त गुनासो उपर प्रमुख प्रशासकीय अधिकृतले १५ दिन भित्र प्रक्रिया पुरा गरी सत्य तथ्य बुझि त्रुटी/गुनासो निरुपन गर्नु पर्नेछ ।

(ग) प्रमुख प्रशासकीय अधिकृतले गुनासो ब्यवस्थापन नगरेको खण्डमा निवेदकले नगरपालिका प्रमुख समक्ष गुनासो गर्नु पर्नेछ ।

(घ) उपदफा (ग) अनुसार प्राप्त गुनासोलाई प्रमुखले ७ दिन भित्र ब्यवस्थापन गरी अन्तिम किनारा लगाउनु पर्नेछ ।

**१३. कार्यक्रमको प्रभाकारिता:-** लक्षित समुह तथा विपन्न वर्गलाई सामग्रीहरु वितरण कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघिय, प्रदेश, तथा अन्य दातृ निकायबाट कार्यन्वयन हुने समान प्रकृतिका कार्यक्रमहरुमा यस नगरपालिकाको कार्यक्रम नबाझिने गरी यर्थात दोहरोपना नहुने गरी आवश्यक समन्वय गरेर वितरण कार्यक्रम संचालन गरिनेछ ।

**१४. खारेज तथा संशोधन:-** (क) नगर कार्यपालिकाबाट आवश्यकता अनुसार यस कार्यविधिलाई संसोधन गर्न सकिनेछ ।

(ख) यस कार्यविधिमा उल्लेख भएका आर्थिक पक्ष बाहेकका ब्यवस्थाहरु प्रचलित संघिय तथा प्रदेश कानुनसँग वाझिएको हदसम्म स्वत अमान्य हुनेछ । तर यस कार्यविधिमा उल्लेख भएको लागत सहभागिता संघ र प्रदेशको कार्यविधि भन्दा बढी हुन आएमा यसै कार्यविधिले तोकेको लागत सहभागिता मान्य हुनेछ।

**आज्ञाले**

राजु प्रसाद साह

प्रमुख प्रशासकीय अधिकृत

पर्सागढी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, हरपुर, पर्सा।